नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल हज समिति

पत्र संख्याः ०६६/८०
चलानी नं.: ९६३

सिंहदरबार
काठमाडौं, नेपाल

मितिः२०८०/०१/०६

## सन् २०२३ को हज आवेदकहरूको छनोट तथा दोस्रो किस्ता बुझाउने सम्बन्धी सूचना ।

सन् २०२३ को हजयात्रामा जान इच्छुक नेपाली मुस्लिम धर्माबलम्वीहरूबाट नेपाल हज समितिको मिति २०७९/११/०४ र मिति २०७९/१२/०५ को गोरखापत्रमा प्रकाशित सूचना बमोजिम आवेदन माग भएकोमा नेपाल हज उपसमितिको मिति २०८०/०१/०५ को निर्णयानुसार हाल सम्म आवेदन दिएका सबै ११४३ जना आवेदकहरू **(आवेदकहरुको सूची nepalhajj.moha.gov.np मा हेर्न सकिनेछ)** छनोट गरिएको छ । छनोट भएका आवेदकहरूले नेपाल हज उपसमितिको मिति २०७९/१०/०५ को निर्णयानुसार साउदी अरब सरकारले तोकेको मोअल्लिम शुल्क, भिसा शुल्क लगायत अन्य सरकारी खर्च र साउदी अरबको मक्का/मदिनामा लाग्ने आवास तथा खाना खर्च र अनुमानित हवाइ भाडा समेत प्रति व्यक्ति रू.४,६५,०००/- खर्च हुने देखिएकोले दोस्रो किस्ता वापत प्रति व्यक्ति रू.२,४०,०००/- (रू.दुई लाख चालीस हजार मात्र)१५ दिन भित्र नेपाल हज समितिको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं.११३०१०००००३९६००१ मा जम्मा गरी सक्कल भौचर र राहदानी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाउनुहुन सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

.............................
(शमशेर मियाँ)
अध्यक्ष